'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १०८ शनिवार २९ मंसिर, २०८१ 14 (Saturday) December 2024 पृष्ठ ४, मूल्य रु : १०/-

## लुम्बिनी प्रदेशमा अघि बढ्याइयो कर्मचारी व्यवस्थापनको काम

नमस्ते समचारदाता

देउखुरी, मंसिर/२८



लुम्बिनी प्रदेश सरकारले बनाएको निजामती सेवा ऐन कार्यान्वयनमा गएपछि लुम्बिनी प्रदेशभरी जनशक्ति व्यवस्थापनको काम अघि बढेको छ। प्रदेश निजामती सेवा ऐनलाई आधार मानेर प्रदेश लोक सेवा आयोगले जनशक्ति व्यवस्थापनको लागि खुला र आन्तरिक प्रतिस्पर्धाको नयाँ विज्ञापन खोल्ने अन्तिम तयारी गरेको हो । यसअघि खोलिएको विज्ञापनको आधारमा नवौं तहको परीक्षा सुरु भएको छ। यसबाट प्रदेशमा देखापरेको कर्मचारीको अभावको समस्या समाधान हुने बलियो आधार तयार भएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशले भोग्दै आएको जनशक्तिको समस्या अव समाधान हुने बताएका छन् । मुख्यमन्त्री आचार्यले भने, 'प्रदेशले जुन प्रकारको जनशक्तिको समस्या भोगेको थियो। अव त्यसबाट पार पाउने अवस्थामा पुग्यौं । जनशक्ति व्यवस्थापनको काम अघि बढेको छ । जनशक्तिको व्यवस्थापन गरेर सेवा क्षेत्रलाई प्रभावकारी बनाउने गरी सरकारले काम अघि बढाएको छ ।' नवौं तहको परिक्षा सुरु भएको प्रदेश लोक सेवा आयोगका प्रवक्ता यमकान्त पाण्डेले जानकारी दिए। उनका अनुसार मंसिर २६ गतेदेखि नवौं तहको परिक्षा सुरु गरिएको र पुस २१ गते सम्मको परीक्षा तालिका सार्वजनिक भएको छ। ३९ पदको लागि प्रशासन, वन, कृषि, स्वास्थ्य, ईञ्जिनियरिङ्ग तर्फ परीक्षा सुरु भएको हो । अप्राविधिक अन्तरगत उपसचिव / निर्देशक र प्राविधिकतर्फ डिभिजन वन अधिकृत, डिई, मुख्य कृषि प्रशार अधिकृत देखि स्वास्थ्य शिक्षा प्रशासक सम्मको पदमा जनशक्ति व्यवस्थापन गरिन थालेको हो । सातौं, आठौं पदको रोकिएको जनशक्ति छनोटको काम अघि बढाउने तयारी गरिएको छ भने चौथो र पाँचौं तहको लागि लोक सेवा आयोगले प्रदेश सरकारसंग जनशित्तकको अवस्थाको बारेमा जानकारी माग गरेको छ। प्रदेश सरकारले उपलब्ध गराउने विवरणको आधारमा विज्ञापन गरेर छनोट प्रक्रिया अगाडि बढाउने आयोगले जनाएको छ। लुम्बिनी प्रदेश सरकार र मातहतका कार्यालय सञ्चालनका लागि आवश्यक कर्मचारी संख्या ४ हजार ७८ कायम गरिएको छ । तर, अहिले प्रदेशमा आधा संख्यामा मात्रै कर्मचारी कार्यरत छन् । बाँकी कर्मचारी व्यवस्थापन गर्न प्रदेश लोकसेवा आयोगले छनोटका लागि प्रक्रिया अघि बढाएको हो । प्रदेशमा निजामती सेवा ऐन र त्यसपछी बनेको नियमावली कार्यान्वयनमा आएपछी कर्मचारी व्यवस्थापनको काम अघि बढेको हो । अदालतमा परेको मुद्दा किनारा लागेपछि जनशक्ति छनोटको कामले प्राथमिकतामा पाउन थालेको हो । निजामती सेवा ऐन जारी नहुँदा प्रदेश तहबाट निजामती कर्मचारी नियुक्ति, भर्नाको काम प्रभावकारी रुपमा हुन सकेको थिएन ।

*बाँकी ३ पेजमा...*

## काठमाडौँ-टीकापुर-काठमाडौँ हवाई उडान सुरु

नमस्ते समचारदाता

काठमाडौं, मंसिर/२८



कैलालीको टीकापुर विमानस्थल ३५ वर्षपछि नियमित सञ्चालनमा आउने भएको छ। वि.सं २०४६ सालमा द्वन्द्वका कारण बन्द भएको विमानस्थल यही मङ्सिर ३० गतेदेखि सञ्चालनमा आउन लागेको हो । पर्यटन व्यवसायी र स्थानीय तहको सक्रियातमा विमानस्थल सञ्चालनमा आउन लागेको हो । विमानस्थलमा हवाई उडानका लागि तारा एयरसँग टीकापुर नगरपालिकाले न्यूनतम १५ सिटका लागि सुनिश्चितासहित सहमति गरेको टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारुले जानकारी दिनुभयो। विमानस्थलमा यसअघि नेपाल वायुसेवा निगम र तारा एअरले परीक्षण उडान गरिसकेका छन्। विमानस्थलमा यही मङ्सिर ३० गते आइतबार पहिलो उडान हुनेछ भने दोस्रो उडान आगामी पुस ४ गते बिहीबार हुनेछ । त्यसपछि प्रत्येक साता आइतबार र बिहीबार एक/एक उडान हुने गरी तालिका निर्धारण गरिएको छ । नेपालगञ्जबाट कनेक्टिङ फ्लाइटमार्फत तारा एयरले नेपालगञ्ज-टीकापुर उडान भर्नेछ। टीकापुरमा भएका यात्रुलाई तारा एयरले नेपालगञ्ज ल्याउने र त्यहाँबाट यति एयर लाइन्सले काठमाडौं ल्याउनेछ। यसका लागि एकमुष्ट काठमाडौँ-टीकापुरको एक तर्फी भाडा रु नौ हजार निर्धारण गरिएको छ। टिकट बिक्रीका लागि आधिकारिक बिक्रेतामा पथिल होलिडेजलाई नियुक्त गरिएको छ । साथै यात्रुहरुले यति एयरलाइन्सको एप, विभिन्न ट्राभल एजेन्सी, खल्ती, इसेवालगायतका माध्यमबाट टिकट खरिद गर्न पनि सक्नेछन् । टीकापुरस्थित सिद्धार्थ होटल र काठमाडौँको तीनकुनेमा रहेको पथिल होलिडेजबाट पनि टिकट काट्न मिल्ने गरी व्यवस्था गरिएको छ । विमानस्थल सञ्चालनमा आएपछि धनगढी र नेपालगञ्ज विमानस्थल धाइरहेका टीकापुर नगरपालिका आसपासका कैलाली, सुर्खेत र बर्दियाका स्थानीयलाई सहज हुने अपेक्षा गरिएको छ। टीकापुरका नगरप्रमुख थारुले स्थानीयको चाहनाबमोजिम विमानस्थल सञ्चालनमा ल्याउनका लागि सिद्धार्थ हस्पिटालिटीले सेवाप्रदायकसँग समन्वय गरी दिएकोमा धन्यवाद दिनुभयो । टीकापुर विमानस्थलमा अहिले चारैतिरबाट काँडेतारको छेकबार छ भने धावनमार्गमा ग्राभेल गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले विमान कम्पनीले उडानको माग गर्ने र प्राधिकरणले भाडादर तोकेर जनशक्ति खटाउने बताउनुभयो । सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद न्यौपानेले विमानस्थल सञ्चालनमा आएपछि टीकापुर लाई पर्यटकीय सहरका रुपमा विकास गर्न सकिने बताउनुभयो । *बाँकी ३ पेजमा...*

## बाँके राष्ट्रिय निकुञ्जमा बाघ र आहारा प्रजातिको अनुगमन सुरु

नमस्ते समचारदाता

बाँके, मंसिर/२८



बाँके राष्ट्रिय निकुञ्जमा बाघ र बाघको आहारा प्रजातिको अनुगमन कार्य सुरु भएको छ । मङ्सिर २५ गतेदेखि बाँके र बर्दिया दुवै राष्ट्रिय निकुञ्जमा डिएनए परीक्षण र क्यामेरा ट्र्यापिङ प्रविधिको प्रयोगमार्फत यो कार्य सुरु गरिएको हो। यो अनुगमन कार्यले बाघको संख्या, बसोबास क्षेत्र, र आहारा प्रजातिको अवस्थाको विस्तृत जानकारी सङ्कलन गर्ने उद्देश्य राखेको छ। बाँके राष्ट्रिय निकुञ्जलाई चार ब्लकमा विभाजन गरी दुई किलोमिटर क्षेत्रफलको एउटा ग्रिड बनाएर स्वचालित क्यामेरा राखिएको छ । क्यामेराको सहयोगले बाघको गतिविधि र दिशा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने छ। यस कार्यमा निकुञ्जका प्राविधिक कर्मचारी र नेपाली सेनालाई आवश्यक तालिम प्रदान गरिएको छ। बाँके निकुञ्जका सूचना अधिकारी मन्दिप पङ्गेनीका अनुसार अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउन १ सयभन्दा बढी स्वचालित क्यामेरा जङ्गलमा राखिएका छन्। खडकबारस्थित हात्तीसार क्षेत्रमा वनदेवीको पूजा गरी अनुगमन औपचारिक रुपमा सुरु गरिएको हो । डिआइ परियोजनाअन्तर्गत जेडएसएल र एनटीएनसीले बाँके र बर्दिया राष्ट्रिय निकुञ्जसँग सहकार्य गरी यो कार्यलाई अघि बढाएका छन्। अनुगमनका लागि खटिने प्राविधिक कर्मचारीहरूले ८० दिनसम्म जङ्गलमै बसेर काम गर्नेछन् । यस प्रविधिको प्रयोगले बाघ र बाघको आहारा प्रजातिको संरक्षण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । बाँके र बर्दियामा वार्षिक रूपमा हुने यो अनुगमनले बाघ संरक्षणमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिइएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट


कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

# किन पीडादायी बन्छ ऋण ?

**संजीव ग्वंगल**




ऋण, सापटी, उधारो, पैंचो र अरू यस्तै यस्तै व्यवहार मानिसले आफूलाई आवश्यक पर्दा वा खाँचो पर्दा मात्रै गर्छ। तर कुनै एउटा व्यक्तिले आवश्यक पर्‍यो भन्दैमा ऋण लिई हाल्दैन। उसले आफूसित भएका सम्भावित विकल्पहरूबारे सोच्छ पहिले। एउटा सामान्य मानिसका लागि ऋणको बोझ डरलाग्दो र भयानक हुने गर्छ। सामान्यतया ऋण लिन डराउँछन् मानिस। हाम्रा गाउँघरका साहुकारहरूले ऋणको पासोमा फसाएर सम्पत्ति कुम्ल्याएको कथा सुनेका सिधासाधा नेपाली ऋणको नाम सुन्नासाथ तर्सिहाल्छन्। ऋण तिर्न सक्ने क्षमता भएको खण्डमा वा कुनै त्यस्तो बलियो स्रोत भएमा मात्र ऋण लिन हिच्किचाउँदैन मानिस। अर्को, बहुसंख्यक मानिस सकेसम्म ऋण लिनु हुन्न यो जोखिमपूर्ण हुन्छ भन्ने धारणा पालेर बसेका हुन्छन्। निर्विवाद छ, ऋण लिनु एक जोखिमपूर्ण कार्य हो। जोखिमको भार बहन गर्न साहस पनि चाहिन्छ। व्यवसाय गर्न, आवश्यक पुँजी जुटाउन ऋण लिन सकिन्छ। व्यवसायमा नाफा आर्जन गरी अथवा आफ्नो आयको बचतबाट ऋणको साँवा ब्याज तिर्न सकिन्छ। तर व्यवसाय र आय सधैं आफ्नो अनुकूल नहुन सक्छ, प्रतिकूल पनि बन्न सक्छ। कुनै विषम परिस्थितिजन्य व्यावसायिक संकट देखेर-सोचेर मानिस तर्सिन्छन्, अत्तालिन्छन्। परिस्थिति हरहमेसा बेकाबु हुँदैन यो केही हदसम्म मानिसको काबुमा पनि हुन्छ। एउटा काम बिग्रियो भन्दैमा सबै बिग्रिने होइन। एकजना बिग्रियो भन्दैमा सबै बिग्रिन्छ भन्ने पनि होइन। मानिसको क्षमतामा पनि भरपर्ने कुरा हो यो। कुनै नयाँ काम सुरु गर्न त्यसका सम्भावित परिणामहरूको पूर्वानुमान र आकलन गरिएको हुन्छ। बजारको माग र पूर्तिको अवस्थाको लेखाजोखा गरिएको हुन्छ। सकारात्मक नतिजाको सम्भावना देखिएपछि र फाइदाजनक हुन्छ भन्ने कुरामा विश्वस्त भएपछि मात्र लगानी गर्छन् वा त्यसका लागि ऋण लिने गर्छन् उद्यमीहरू। उद्यमशीलता पनि एक हिसाबले साहसिक कार्य हो। यसोभन्दा हिच्किचाउनु पर्दैन हामीले। आफ्नो क्षमताभन्दा बढी आँट्नु फेरि दुस्साहस हुनसक्छ। पौडन नजान्ने मान्छेले साहस छ भन्दैमा नदीको भेलमा हाम्फाल्छन् भने त्यो उसको मुर्ख्याइँ हुन्छ। आम्दानी एक रुपैयाँ, खर्च दुई रुपैयाँ हुनेले ऋण लिन सक्दैन, हुँदैन पनि। कुनै पनि लगानीकर्ताले ऋणीको ऋण तिर्न सक्ने क्षमताको परीक्षण र आकलन गरेको हुन्छ। उसको योजनाको व्यावहारिकताको विश्लेषण गरेको हुन्छ। व्यवस्थापकीय क्षमताको सुनिश्चितता खोजेको हुन्छ। निश्चित समयावधिका लागि अनुमानित कार्ययोजना खोजेको हुन्छ। व्यावसायिक योजना मागेको हुन्छ। ऋण उठ्ने सुनिश्चिततापछि मात्रै ऋण लगानी गर्छ कुनै पनि लगानीकर्ताले। कसैले भन्यो भन्दैमा, माग्यो भन्दैमा हचुवाको भरमा बाँडिने कुरा होइन ऋण। हचुवामा बनाइने व्यावसायिक योजना फितलो हुन सक्छ। सही मानेमा ती उपलब्धिमूलक उद्यम नहुन सक्छ। आफ्ना बालबच्चाले ढिपी गर्‍यो भन्दैमा जे माग्यो त्यो पुर्याइदिनु पनि सुझबुझ नहुन सक्छ, अभिभावकका लागि। यस्तै कुरा सम्झन्छु हाम्रो देशको अवस्था देखेर। कुरा नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको, यसको हविगतको। मलाई सम्झना छ। तत्कालीन क्षेत्रीयस्तरको विमानस्थललाई परिमार्जन गरी अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नति गर्न ठूलै रस्साकसी भएको थियो। त्यस क्षेत्रका उद्यमी व्यवसायी, नागरिक समाज, बुद्धिजीवी, सर्वसाधारण जनता सबै उत्रेका थिए सडकमा। धेरै लामो आन्दोलन, धर्नालगायत अनशनका कार्यक्रमको आयोजना गरिएका थिए। त्यहाँका प्रभावशाली राजनीतिक दलका नेताहरू पनि आन्दोलनप्रति ऐक्यबद्धता जनाउन बाध्य भएका थिए, जनआकांक्षा र दबाबका अगाडि। पोखरालगायत कास्की क्षेत्रकै स्थानीय बासिन्दाको जोडदार माग रहेको थियो, अन्तर्राष्ट्रिय विमानस्थल बनाउन। पोखरा प्राकृतिक सम्पदाले भरिपूर्ण हुनाका साथै गण्डकी क्षेत्रकै पर्यटनको प्रवेशद्वारको रूपमा रहेको कुरा सत्य हो। विश्वभरका लाखौं पर्यटक प्राकृतिक दृश्यावलोकन एवं साहसिक पदयात्रा र हिमाल आरोहणका लागि पोखरा आउँदै गरेका छन्। यो संख्यामा निरन्तर वृद्धि हुँदै आएको पनि छ। पोखरामात्र नभई गण्डकी क्षेत्र नै पर्यटनको प्रबल सम्भावना बोकेको क्षेत्र हो। तर कास्की जिल्लालगायत त्यस क्षेत्रका बासिन्दाहरूले पोखरा विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति हुनासाथ पर्यटन उद्योगले स्वतःस्फुर्त रूपमा शिखर चुम्ने विश्वास लिएको देखियो। ह्वारह्वार्ती विदेशी पर्यटक बोकेका अन्तर्राष्ट्रिय वायुसेवाहरूका विमान अवतरण हुनेछन् पोखरा विमानस्थलमा भन्ने अनुमान गरिएको थियो सायद मेरो पनि सोचाइ त्यस्तै थियो। विमानस्थल निर्माण सम्पन्न भयो। तत्पश्चात् सोचेअनुसार र अनुमान गरिए जस्तो नतिजा देखिएन। किन यस्तो भयो ? दोष कसको ? योजना किन सफल भएन ? कहाँ त्रुटि भयो ? किन पहिले नै सोच्न सकिएन ? के कस्ता प्रविधिक कठिनाइहरूको सामना गर्नुपर्ने सम्भावना हुन्छ भन्ने कुराको पूर्वानुमान किन गरिएन ? यी र यस्ता प्रश्नहरूले रिङ्याइरहेको छ अहिले हामीलाई। विमानस्थल बनाउन लिइएको ऋणसमेत तिर्न धौ धौ भइरहेको छ भन्ने सुन्छु। अब रोएर के गर्ने ? पहिले काम बिगार्ने पछि पछुताएर के गर्ने ? अगुल्टोले हानेको बिरालो बिजुलीदेखि तर्सिन्छ भने जस्तै भयो। नेपालीहरू अहिले ऋणको नाम सुन्नेबित्तिकै तर्सिन्छन्। ऋण लिनु गल्ती होइन। केका लागि लिने ? कस्तो परि योजना लाभदायक छ ? केमा लगानी गर्दा प्रतिफल चाँडो र राम्रो पाइन्छ ? स्थानीय र अन्तर्राष्ट्रिय बजारको माग के छ ? प्रतिस्पर्धी को हो ? हाम्रो क्षमता के छ ? अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान के के छन् ? स्थानीय स्रोत, साधन र सीपको अवस्था के छ ? आदि, इत्यादि कुराको गहन विश्लेषण नगरी हचुवाको भरमा वा भावनामा बगेर परियोजना छनोट गर्नु नै दोषपूर्ण हुन सक्छ। जन चाहना अव्यावहारिक छ भने उनीहरूलाई बुझाउन सक्ने क्षमता नेतृत्व वर्गमा हुनुपर्छ। लोकप्रियताको नाममा नचाहिँदो परियोजना ल्याउनु किमार्थ स्वीकार्य हुन सक्दैन। किनकि यो पीडादायी बन्न जान्छ।

*–अन्नपूर्ण*

# पत्रकार महासंघको जिम्मेवारी

**केशव निरौला**

नेपाल पत्रकार महासङ्घ सम्पूर्ण नेपाली पत्रकारको प्रतिनिधित्व गर्ने छाता संस्था हो। यसले मूलतः क्रियाशील पत्रकारको पेसागत हकहित संरक्षण, पत्रकारिता क्षेत्रको विकास र प्रेस स्वतन्त्रताको प्रवर्धनमा समर्पित भएर कार्य गर्दै आएको छ। महासङ्घले स्वदेशमा मात्र नभई विदेशमा रहेका नेपाली पत्रकारलाई समेत सङ्गठित गर्दै व्यावसायिक नेतृत्वमार्फत पत्रकारको हकहित रक्षा गर्ने ध्येय राख्छ। प्रेस स्वतन्त्रताको संरक्षण र प्रवर्धनसँगै पत्रकारको भौतिक तथा पेसागत सुरक्षा सुनिश्चितताका लागि निरन्तर सक्रिय पत्रकार महासङ्घको देशव्यापी निर्वाचन आज हुँदै छ। निर्वाचनले महासङ्घको इतिहासमा २४ औँ केन्द्रीय नेतृत्व चयन गर्दै छ भने प्रदेश र जिल्ला तथा प्रतिष्ठान शाखामा समेत नयाँ नेतृत्व चयन हुँदै छन्। निर्वाचनमा देशभरका करिब साढे नौ हजार पत्रकार प्रत्यक्ष सहभागी हुँदै छन्। निर्वाचनले पत्रकार महासङ्घको केन्द्रीय नेतृत्व पनि चयन गर्ने छ। निर्वाचन समग्र महासङ्घको गरिमा माथि उकास्दै संस्थाको वैधानिकता दिन कोसेढुङ्गा साबित होला भन्ने विश्वास लिन सकिन्छ। यसर्थ निर्वाचन सम्पन्न हुँदा महासङ्घको साङ्गठनिक जीवनमा नयाँ ऊर्जा, उत्साह र उमङ्ग भरिने आशा र अपेक्षा छ। महासङ्घको निर्वाचनका विषयमा आमनागरिकमा समेत संशय पैदा हुने र महासङ्घको विधानसमेतको उल्लङ्घन हुन सक्ने अवस्थाबाट जोगाउने सन्दर्भमा पनि यो निर्वाचन बढी महत्वपूर्ण ठानिएको हो। ‘आवाजविहीनको आवाज’ मानेर सूचनाको खेती गर्ने स्वयम् पत्रकारलाई आफ्नो असल र पूर्णतः पेसाप्रति निष्ठावान् नेतृत्व चयन गर्ने उपयुक्त अवसर हो। यस पटकको निर्वाचनमा प्रचारप्रसारका लागि अलि कम समय भयो भनिए पनि पत्रकारले आफ्नो सही नेतृत्व पहिलेदेखि नै निक्योंल गरिसकेका हुन्छन्। यही मान्यता अनुरूप आजको निर्वाचनबाट निर्वाचित हुने महासङ्घको नयाँ नेतृत्वले पेसागत हकहितको रक्षा र महासङ्घको गरिमालाई उचो बनाउने आशा जाग्छ। निर्वाचनपश्चात् आउने नयाँ नेतृत्वसहितका पदाधिकारीले संस्थाको गरिमा र प्रतिष्ठा माथि उकास्ने सन्दर्भमा विगतका गल्तीबाट पाठ सिक्दै स्पष्ट कार्यदिशा अवलम्बन गर्नुपर्ने हुन्छ। यसका लागि जिल्ला, प्रदेश, केन्द्र र एसोसिएटलगायतबाट नवनिर्वाचित हुने पदाधिकारीले मिडिया, सञ्चारकर्मी र संस्थाको हितका लागि समग्र सञ्चार जगत्मा नयाँ तरङ्ग ल्याउने गरी काम गर्नु पर्छ।

**साङ्गठनिक सुदृढीकरण**

कुनै पनि निर्वाचनमा सर्वसम्मत भएका पदबाहेक सबै उम्मेदवारको विजय हुँदैन। आज हुने महासङ्घको निर्वाचनमा पनि आवश्यक पदभन्दा उम्मेदवारीको संख्या औसतमा तीनगुना बढी देखिन्छ। परिणामतः विजयी हुनेको संख्याभन्दा विजय हुन नसक्नेको संख्या दोब्बरको हाराहारीमा रहन सक्छन्। यस्तो अवस्थामा पक्कै पनि विजय नहुने पक्षमा असन्तोष बढ्नु स्वाभाविक हो। यसरी बढ्ने असन्तोषलाई हटाउन सक्ने खुबी विजयी पक्षमा हुनै पर्छ। यसका लागि महासङ्घमा आबद्ध सबै पत्रकार र सञ्चारकर्मीलाई एउटै मालामा उनेर साङ्गठनिक सुदृढीकरण गर्न सकियो भने मात्रै महासङ्घको गरिमा बढ्ने छ। जितपछिको परिस्थिति ‘मेरो वा हाम्रो पक्षको’ भन्ने मात्र सीमित गरी ‘सबैको जित’ बनाउन सकिएन भने फेरि पनि महासङ्घको गरिमा खस्किन सक्छ। प्रेस स्वतन्त्रताको रक्षा, व्यावसायिक तथा जिम्मेवार पत्रकारिताको विकास र पत्रकारको श्रम अधिकार संरक्षणलगायत आदर्शमा अडिग रहन पनि सुदृढ सङ्गठनको आवश्यकता पर्छ। पत्रकार महासङ्घ जस्तो नागरिक अगुवाको दर्बिलो संस्थालाई राजनीतिक पार्टीको जनवर्गीय सङ्गठनमा झार्ने कर्म कहींकतैबाट हुनु हुँदैन। त्यसो त पत्रकारमा राजनीतिक आस्था हुँदै नहुने होइन तर पनि त्यसको छाया व्यावसायिक र पेसागत भूमिका निर्वाहमा नहुने गरी साङ्गठनिक सुदृढीकरणको जरुरत छ। अतः नेपाली पत्रकारको विश्वासिलो ‘साझा घर’ बनाउन पनि सङ्गठनभित्र र हेका वा रहन सक्ने आन्तरिक कटुतालाई विधि र प्रक्रियाबमोजिम हल पर्ने युगीन जिम्मेवारी पनि आउने पदाधिकारीले वहन गर्नैपर्ने हुन्छ।

**सदस्यता शुद्धीकरण**

नेपाल पत्रकार महासङ्घको यसअघि पटक पटक चुनावी महाधिवेशन हुन नसक्नुको प्रमुख कारण नै सदस्यता शुद्धीकरणको विषय हो। कैयौं पटकसम्म निर्वाचन मिति घोषणा गर्दै निर्वाचन गराउन नसक्नु र केन्द्रीय समितिका दुई जना पदाधिकारीलाई राजीनामा दिन बाध्य पार्ने कारक पनि यही ‘सदस्यता शुद्धीकरण अभियान’ मानिन्छ। अब आउने नयाँ कार्यसमितिका पदाधिकारीले भने सबैलाई समान तरिकाले लागु गर्न सकिने प्रावधान राखेर मात्रै सदस्यता शुद्धीकरण अभियान चाल्नुपर्ने हुन्छ। सदस्यता शुद्धीकरणको विषय ‘मुद्दा’ नबनाई ‘प्रक्रिया’ बनाउनुपर्ने हुन्छ। किनकि, विधि र नियम अनुसार अगाडि बढ्ने अभियानलाई कुनै खास खास राजनीतिक आस्थासम्बद्ध सङ्गठनबिचको आपसी लेनदेनमा मिलापत्र गरे जस्तो नहोस्। सबैलाई न्यायोचित तरिकाबाट एउटै आधारमा समन्यायको सिद्धान्त अनुरूप मापदण्ड बनाई शुद्धीकरण अभियान अगाडि बढाउने हो भने कुनै ठुलो समस्या बन्दैन। यसमा केन्द्र, प्रदेश, जिल्ला र अन्य एसोसिएट समितिबिच पूर्णतः समन्वयात्मकताको खाँचो पर्छ। यस्तो अवस्थामा भने सबै जिल्ला शाखाले शुद्धीकरण अभियान टुङ्ग्याएर मात्रै सदस्यता नवीकरण गर्नुपर्ने हुन्छ। विगतमा भने केही जिल्ला शाखाले २०८० सालसम्मकै पत्रकारको सदस्यता शुल्क लिएर पुनः शुद्धीकरण अभियान अघि बढाउँदा समस्या झन् विकराल बनेको थियो। २०८० सालको सदस्यता शुल्क बुझाएर सदस्यता नवीकरण गर्ने पत्रकारको नामावली सम्बन्धित जिल्लाको आधिकारिक लेटरप्याडमा सार्वजनिक गरेर पुनः सोही पत्रकारको बारेमा सोही मितिभित्रै शुद्धीकरण थाल्दा विधिविधानको जुन उपहास भयो, अब आउने समितिले त्यस्तो अवैधानिक कार्य हुँदै छ कि भनेर पूरै चनाखो बन्नु पर्छ। शुद्धीकरणमा पर्न सक्ने सम्भावित पत्रकारलाई आफू के कुन कारणले शुद्धीकरणमा परेको हो सोसम्बन्धी सूचना प्रवाह गरी उपयुक्त सुनुवाइको मौका दिने गरी अभियान अगाडि बढाउनु पर्छ। जुन कुरा गत वर्ष कैयौं जिल्ला शाखामा हुन सकेन। विगतमा कतिपय जिल्ला शाखाले नयाँ सदस्यता दिने निहुँमा ‘अघोषित ठगीजन्य कार्य’ पनि गरेको तितोसत्य भेटिन्छ। नयाँ सदस्यता आह्वान गरेर बर्सेनि आवेदकबाट दुई हजार लिने क्रम महासङ्घका कैयौं जिल्लामा विगतदेखि नै भइरहेको पाइन्छ। आवेदन शुल्क र एक वर्षको सदस्यता शुल्क भनेर पहिले नै लिएको उक्त दुई हजार रकम सदस्यमा छनोट नहुँदा पनि फिर्ता नहुने गरेको धेरै दृष्टान्त भेटिएका छन्। यस्ता विषयमा नयाँ बन्ने समितिले चासो, चिन्ता र आवश्यकता अनुसार नियमन एवं नियन्त्रण पनि गर्नु वाञ्छनीय हुन्छ। यसै गरी सदस्यता शुद्धीकरणको विषयमा विगत २० वर्षदेखि महासङ्घमा निरन्तर योगदान गरेका पत्रकार र भर्खरै सदस्य बनेका वा बन्न लागेकाबिच केही भिन्न आधार वा मापदण्ड तोकिनु न्यायसङ्गत हुन्छ। यस्तै पत्रकारिता विषय अध्यापन गर्ने शिक्षक, प्राध्यापक, विभिन्न स्थानीय सरकारमा नियुक्त सूचना संयोजक (सम्पादक), दल वा मन्त्रीविशेषका ‘प्रेस संयोजक वा सल्लाहकार’ आदिका विषयमा पनि स्पष्ट मापदण्ड बनाएर मात्रै शुद्धीकरण अभियान चलाउन सक्ने दूरदर्शी नेतृत्व चयन गर्नुपर्ने टड्कारो आवश्यकता हो। यसै गरी राज्य र महासङ्घबिच बेमेल हुने गरी सदस्यता शुद्धीकरण अभियान अगाडि बढाउनु पनि उचित हुँदैन। शुद्धीकरणकरणका लागि बन्ने मापदण्डमा राज्यद्वारा परिभाषित सबै पत्रकारलाई अटाउन सक्नु महान् ठहर्छ। विशेषतः अनवरत १५ वर्षदेखि पत्रकारितामा क्रियाशील भई मूलतः खोजी पत्रकारिता गर्दै आएका सूचना तथा प्रसारण विभागबाट ‘स्वतन्त्र पत्रकार’को परिचयपत्र प्राप्त गरेका पत्रकार, सरकारी सञ्चारमाध्यममा कार्यरत पत्रकार, दिउँसो अरू नै क्षेत्रमा काम गरी रातभरि खटेर दैनिक पत्रिका प्रकाशनको अभिभारा लिने सम्पादक आदिलाई शुद्धीकरणको नाउँमा महासङ्घमा समेट्न सकिएन भने महासङ्घको साख घट्ने निश्चितप्रायः छ।

**मिडिया र मिडियाकर्मीको उन्नयन**

नयाँ आउने समितिले मिडिया र मिडियाकर्मीको उन्नयनका लागि ठोस पहलकदमी अगाडि बढाउनुपर्ने हुन्छ। महासङ्घको उद्देश्य अनुसार उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासका लागि मिडिया र मिडियाकर्मीको उन्नयनलाई केन्द्रमा राखेर कार्य गर्न सक्नु पर्छ। यसका लागि महासङ्घ सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अनवरत क्रियाशील रहन सक्नु पर्छ। श्रमजीवी पत्रकारको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेसा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासङ्घलाई ट्रेड युनियन संस्थाका रूपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने सक्षमता पनि महासङ्घले लिनु पर्छ। मिडिया र मिडियाकर्मीको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि विशेष कार्ययोजना बनाई लागु गर्न सक्नु पर्छ। स्वदेश र विदेशको पत्रकारितासम्बद्ध सङ्घ संस्थामाझ सम्बन्ध विस्तार गर्ने गरी नीतिगत योजना बनाई कार्यारम्भ गरिनु k5{.

*गोरखापत्र*

# सुदूरपश्चिमको बजेट खर्च १०.५१ प्रतिशत

नमस्ते समाचारदाता

धनगढी, मंसिर/२८




सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेट हालसम्म तीन अर्ब ३२ करोड ४३ लाख रुपियाँ खर्च गरेको छ। निर्धारित समयभन्दा दुई महिना ढिलो गरी बजेट ल्याएको प्रदेश सरकारले करिब तीन महिनाको अवधिमा त्यति बजेट खर्च गरेको हो। जुन खर्च प्रगति १०.५१ प्रतिशत रहेको छ। प्रदेश सरकारले पहिले प्रस्तुत गरेको बजेट राजनीतिक परिवर्तनका कारण प्रदेश सभाबाट पारित हुन नसकेपछि सरकारले असोजमा अर्को बजेट ल्याएको थियो। सरकारले हालसम्म पुँजीगत बजेट एक अर्ब २८ करोड ७६ लाख रुपियाँ (६.८६ प्रतिशत) खर्च गरेको छ। चालु आवमा पुँजीगततर्फ कुल १८ अर्ब ६७ करोड २४ लाख रुपियाँ पुँजीगत बजेट विनियोजन गरिएको छ। अहिलेसम्म पुँजीगत बजेट थोरै खर्चेको प्रदेश सरकारको चालु बजेट खर्च प्रगति भने तुलनात्मक रूपमा बढी रहेको छ। मङ्सिर २६ गतेसम्म सरकारले दुई अर्ब तीन करोड ६७ लाख (१५.८४ प्रतिशत) चालु बजेट खर्च गरेको छ। चालुतर्फ प्रदेश सरकारले १२ अर्ब ८५ करोड ७४ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। यसअघि बजेट पास नहुँदा प्रदेश सरकारमातहतका मन्त्रालय र कार्यालयका कर्मचारीले दुई महिनासम्म तलब पाएका थिएनन्। यसै गरी मन्त्रालय पनि उधारोमा चलेका थिए। चालु आवका लागि कुल ३१ अर्ब ६२ करोड ९८ लाख रुपियाँ प्रदेश सरकारको बजेट रहेको छ। जसमध्ये हालसम्म तीन अर्ब ३२ करोड ४३ लाख बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रकको कार्यालयका सूचना अधिकारी यज्ञराज पाण्डेयले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश व्यवस्थापिकाले चार करोड ६७ लाख ९७ हजार, प्रदेश लोक सेवा आयोगले एक करोड सात लाख, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले पाँच करोड २७ लाख रुपियाँ बजेट खर्च गरेका छन्। यसै गरी आर्थिक मामिला मन्त्रालयले चार करोड ५६; उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २३ करोड ११ लाख रुपियाँ बजेट खर्च गरेका छन्। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १८ करोड २० लाख रुपियाँ खर्च गरेको छ। यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले दुई करोड ३१ लाख रुपियाँ बजेट खर्चेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले एक अर्ब ३३ करोड दुई लाख रुपियाँ बजेट खर्च गरेको छ। यसै गरी सामाजिक विकास मन्त्रालयले ७० करोड रुपियाँ बजेट खर्च गरेको छ। त्यस्तै प्रदेश योजना योजना आयोगले ४२ लाख रुपियाँ बजेट खर्च गरेको छ। प्रदेश सरकारले अर्थ वित्तीय व्यवस्था, अर्थ विविध र स्थानीय तह शीर्षकमा विनियोजन गरेकोमध्ये हालसम्म एउटा पनि बजेट खर्च भएको छैन। सरकारले अर्थ वित्तीय व्यवस्था शीर्षकमा एक करोड, अर्थ विविधमा ६४ करोड ५८ लाख र स्थानीय तह शीर्षकमा तीन अर्ब ३८ करोड १७ लाख रुपियाँ विनियोजन गरेको छ।

# सामुदायिकमा विद्यार्थी संख्या घट्दै

नमस्ते समाचारदाता

बुटवल, मंसिर/२८



नेपालभरिकै सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या घट्दै गएको भनी सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। त्रिभुवन विश्वविद्यालय अनुदान आयोगको आयोजना र लुम्बिनी वाणिज्य क्याम्पस बुटवलको प्राविधिक सहयोगमा बुटवलमा हालै आयोजित सामुदायिक क्याम्पसको व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै शैक्षिक व्यक्तित्वले सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या घट्दै गएकोमा चिन्ता प्रकट गरेका छन्। कार्यक्रममा बोल्दै विश्वविद्यालय अनुदान आयोगका सचिव प्राध्यापक शङ्करप्रसाद भण्डारीले पछिल्लो समय सामुदायिक क्याम्पसमा विद्यार्थीको संख्या घट्दै गएकाले चिन्ता उत्पन्न भएको बताउनुभयो। उहाँले देशभरि रहेका ५०५ वटा सामुदायिक क्याम्पसमध्ये १७८ वटा सामुदायिक क्याम्पसमा विद्यार्थीको संख्या एक सयभन्दा कम भइसकेकाले अब विश्वविद्यालय अनुदान आयोगले दिने अनुदानमा पनि पुनर्विचार गर्नुपर्ने अवस्था आइरहेको बताउनुभयो। उहाँले विश्वविद्यालयले दिने अनुदानको प्रभाव कस्तो परेको छ, त्यो अहिलेसम्म परीक्षण नगरिएको बताउँदै विश्वविद्यालय अनुदान आयोगले दिएको अनुदानले विद्यार्थी संख्या बढेको छ कि क्याम्पसको गुणस्तर बढेको/घटेको छ वा छैन भन्ने विषयमा अब अनुगमन गर्नुपर्ने अवस्था आएको बताउनुभयो। विश्वविद्यालय अनुदान आयोगले विद्यार्थी संख्या घट्दै गएका क्याम्पसलाई एकअर्कामा मर्ज गर्नेतर्फ प्रक्रिया अघि बढाउने तयारी गरेको बताउँदै भण्डारीले त्यसका लागि मर्ज प्रक्रियालाई कसरी सहज बनाउने भन्ने विषयमा आगामी दिनमा समेत छलफल गर्ने जनाउनुभयो। कार्यक्रममा बोल्दै लुम्बिनी वाणिज्य क्याम्पसका क्याम्पस प्रमुख ताराप्रसाद उपाध्यायले क्याम्पसलाई दिने अनुदानको विषयमा परिवर्तन भएका नीति नियमबारे जानकारी दिने यसप्रकारका अभिमुखीकरण कार्यक्रमले क्याम्पसलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। पर्रोहा बहुमुखी क्याम्पसका प्राध्यापक लोकनाथ अधिकारीले प्लस टु पास गरेपछि विद्यार्थी नेपालमा रोजगारीको अभाव देखाउँदै पढ्ने बहानामा विदेश जान थालेपछि सामुदायिक क्याम्पसमा विद्यार्थीको संख्या घटेको बताउनुभयो। उहाँले सामुदायिकसँगै निजी क्षेत्रका क्याम्पसले समेत डिप्लोमा अध्ययन गर्ने विद्यार्थी पाउन समस्या परेको बताउँदै पहिलेको तुलनामा करिब ५० प्रतिशत विद्यार्थी घटेको बताउनुभयो। डिप्लोमा अध्ययन गराउने क्याम्पसको पाठ्यक्रम सिपमूलकभन्दा पनि सैद्धान्तिक बढी भएकाले विद्यार्थीको रोजाइ प्लस टु अध्ययन सकेपछि विदेश हुने गरेकाले समस्या भएको उहाँको भनाइ छ। विश्वविद्यालय अनुदान आयोगले सामुदायिक क्याम्पसको भौतिक पूर्वाधार विकासमा ठुलो सहयोग गर्दै आएको छ। अभिमुखीकरण कार्यक्रममा लुम्बिनी प्रदेशका २६ क्याम्पसका प्रतिनिधिको सहभागिता थियो।

# ट्युबमार्फत महाकाली तर्नुपर्ने बाध्यता

नमस्ते समाचारदाता

बैतडी, मंसिर/२८



महाकाली नदीमा मोटरेबल पुल निर्माण गरेर नेपाल-भारत आवागमन व्यवस्थित गर्ने विषयमा दुई देशबिच पटक पटक सहमति भए पनि पुल नबन्दा दुई देशका नागरिक ट्युबमा हावा भरेर नदी तर्दै आइरहेका छन्। महाकाली नदीले बैतडीमा मात्रै भारतसँग ६५ किलोमिटर क्षेत्र ओगट्छ। आवागमनका लागि इस्ट इन्डिया कम्पनीले झुलाघाटमा निर्माण गरेको दुई सय वर्षभन्दा पुरानो एक मात्रै जीर्ण झोलुङ्गे पुल रहेको छ। जिल्लाको तल्लो स्वराड क्षेत्रका पञ्चेश्वर गाउँपालिका र शिवनाथ गाउँपालिकाको सीमानाकामा एउटा पनि पुल छैन। यहाँ पुल नहुँदा दर्जनौं स्थानमा काठका डुङ्गा र ट्युबबाट जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। पञ्चेश्वर गाउँपालिका-४, गणमेश्वर मन्दिरनजिकै रहेको देवतालको दर्शन गर्न हजारौं भारतीय तीर्थयात्री ट्युब र डुङ्गामा जोखिम मोलेरै नेपाल आउने गरेका छन्। महाकाली नदी तर्न पञ्चेश्वर गाउँपालिकामा मात्रै छ वटा र शिवनाथ गाउँपालिकामा दुई वटा गरी आठ स्थानमा तारउतार घाट रहेका छन्। पञ्चेश्वर गाउँपालिका -१ मा महाकाली नदीमाथि झोलुङ्गे पुल निर्माण गर्ने दुई देशबिच सहमति भए पनि काम अघि नबढेको पञ्चेश्वर गाउँपालिकाका अध्यक्ष गोरखबहादुर चन्दले बताउनुभयो। नेपालतर्फको तल्लो स्वराड क्षेत्रका मेलौली नगरपालिका, पञ्चेश्वर गाउँपालिका र शिवनाथ गाउँपालिकाका ७० हजार जनसंख्यामध्ये अधिकांश मानिस मौसमी रोजगारी, स्वास्थ्य उपचार र उच्च शिक्षाका लागि अहिले पनि भारत जाने गरेका छन्। बैतडीको झुलाघाट र डडेलधुराको शीर्षमा नेपाल-भारत जोड्ने मोटरेबल पुल निर्माणका लागि नेपाल र भारतका प्रधानमन्त्रीस्तरमै सहमति भए पनि मोटरेबल पुलको काम पनि अघि बढ्न सकेको छैन। भारतसँग सीमा जोडिएको डडेलधुराको पर्शुराम नगरपालिका-६, सिसमजालास्थित महाकाली नदीमा ट्युबकै सहारामा नेपाल-भारत आवतजावत हुने गरेको छ। नगरपालिकाले डुङ्गा सञ्चालनका लागि ठेक्का आह्वान गर्दै आएकोमा काठको डुङ्गा मर्मत नहुँदा जनप्रतिनिधिको कमजोरीले ट्युब सञ्चालन भइरहेको लामो समयदेखि डडेलधुरामा राजनीति गर्दै आएका नेकपा (माओवादी केन्द्र) का नेता भरत धानुकले (पुकार) आरोप लगाउनुभयो। उहाँले दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुरको सीमासम्म बग्ने महाकाली नदीको २२३ किलोमिटर क्षेत्रको सीमानाका व्यवस्थित नहुँदा राजस्व छली, तस्करी, मानव बेचबिखन जस्ता अपराध नियन्त्रण गर्नु दुई देशको साझा दायित्व भएको बताउनुभयो। ट्युब र डुङ्गाको सहारामा महाकाली नदी तर्ने परम्परागत शैलीले भन्सार छली, मानव बेचबिखन र चोरी तस्करी जस्ता घटनासमेत बढ्न थालेका छन्। नेपालतर्फबाट महाकाली नदी किनारसम्म सडक पुगेपछि स्थानीय तहले बालुवा सङ्कलनका लागि ठेक्का आह्वान गरे पनि सीमानाका व्यवस्थित गर्ने विषयमा चासो देखाएका छैनन्। पछिल्लो समय नेपाल र भारत दुवै देशबाट महाकाली नदी किनारसम्म सवारीसाधन पुगेपछि भन्सार छलीका अवैध सामान भित्रिने र बाहिरिने क्रम बढेको छ। पुल निर्माण गरी सीमानाका व्यवस्थित नहुँदा नेपालबाट भारततर्फ खुकुरी चुरोट, भारतबाट नेपालतर्फ घोडा बिँडी, चिनी, मिस्री जस्ता सामानमा भन्सार छली हुने गरेको पाइएको छ। बैतडी प्रहरीले गत कात्तिक अन्तिम साता महाकाली नदी किनारको नागार्जुनस्थित खाणघाटबाट भन्सार छली गरेर ल्याएको एक लाख १० हजार रुपियाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ। त्यसै गरेर प्रहरीले एक लाख ६० हजार मूल्य बराबरको १६ क्विन्टल चिनीसमेत बरामद गरी आवश्यक कारबाहीका लागि झुलाघाटस्थित महाकाली भन्सार कार्यालयमा बुझाएको छ।

**बालबालिका जोखिममा**

खुला सीमा र महाकाली नदीमा जताततै प्रयोग भइरहेका ट्युबका कारण नेपाली बालबालिका जोखिममा पर्ने गरेका छन्। बालविवाह गरेर भारत भागेका र ज्याला मजदुरी गर्न गएका बालबालिकामाथि श्रम शोषण, यौन दुराचार र बेचबिखनसमेत हुने गरेको बालबालिकाको हितमा काम गर्दै आइरहेको भारतीय कार्ड संस्थाका सुरेन्द्र आर्यले बताउनुभयो। मङ्सिरको दोस्रो साता मेलौली नगरपालिका-६, बैतडीकी १६ वर्षीय युवती र भागेश्वर गाउँपालिका-३, डडेलधुराका १४ वर्षीय युवा महाकाली नदीमा ट्युब चलाउने मानिसको सहारामा भागेर भारतको एक होटेलमा पुगेर बन्दक बनेको अभिभावकले बताएका छन्। उद्धारका लागि अभिभावक बिहीबार भारतीय प्रहरीको सहयोगमा भारतको लोहाघाट पुगेको मेलौलीका गोपालदत्त भट्टले बताउनुभयो। बालबालिका चम्पावत जिल्लाको लोहाघाटस्थित एक होटेल सञ्चालकले कतै जान नदिएको खबर प्राप्त भएपछि प्रहरी टोली परिचालन गरेर अनुसन्धान भइरहेको भारतीय प्रहरीका एसी अजय गणपतिले बताउनुभयो। उहाँले ट्युबको सहारा लिएर अवैध तरिकाले बालबालिका कसरी सहजै भारत पुग्छन् भन्ने यो एक उदाहरण मात्रै भएको बताउनुभयो।

## लुम्बिनी...

अहिले ऐन कार्यान्वयनमा आएपछि कर्मचारीको अभाव टार्नेगरी काम अघि बढेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव ईश्वरराज पौडेलले बताए। पौडेलले भने, 'प्रदेशको समग्र निजामती सेवालाई अपनत्व गर्ने एउटा बलियो आधारको रुपमा यो ऐन रहेको छ। कर्मचारीको वृत्तिविकासको विषय, सेवाको निरन्तरताको विषयलाई प्राथमिकतामा राखेको । कार्यजिम्मेवारी सहित अन्य ढोकाहरु यो ऐनले खोलेको छ।' निजामती सेवालाई सक्षम, उत्तरदायी एवं प्रभावकारी बनाउन र वृत्तिविकास पथलाई व्यवस्थित गरी सुशासनयुक्त संयन्त्रको रूपमा विकास गर्नेगरी ऐन आएको हो। नियुक्ति खुला र समानुपातिक समावेशी सिद्धान्तमा आधारित प्रतियोगितात्मक परीक्षा, व्यावसायिक सीप र क्षमता विकास सहितको योग्यता प्रणालीमा आधारित हुने उल्लेख छ। सोही अनुसार अहिले कर्मचारी भर्नाको प्रक्रिया अघि बढाइएको छ।

## काठमाडौँ...

"टीकापुर विमानस्थलमा भएको सम्पत्ति लामो समयदेखि प्रयोगमा आउन सकेको छैन, विमानस्थल सञ्चालनमा आएपछि त्यहाँको आर्थिक तथा पर्यटकीय गतिविधि बढ्नेछ", उहाँले भन्नुभयो। तारा एयरका प्रवक्ता सुदर्शन बर्तौलाले काठमाडौँ-नेपालगञ्ज-टीकापुर र टीकापुर-नेपालगञ्ज-काठमाडौँ उडानको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिनुभयो। उहाँका अनुसार प्रत्येक साता आइतबार र बिहीबार उडान हुनेछ। काठमाडौँबाट विहान १० बजे यति एयरलाइन्सको विमान नेपालगञ्जका लागि उडान गर्नेछ भने त्यहाँबाट दिउँसो १२:३० बजे तारा एयरले यात्रु लिएर टीकापुर पुग्नेछ। सोही दिन दिउँसो १:२० बजे तारा एयरको विमान नेपालगञ्जका लागि प्रस्तान गर्नेछ भने दिउँसो २:०५ बजे यति एयर लाइन्सको विमानले यात्रु लिएर काठमाडौँ आउनेछ। त्यसैगरी काठमाडौँदेखि अछामको साँफेबगरस्थित विमानस्थलमा उडानका लागि पनि साँफेबगर नगरपालिका र तारा एयरबीच सहमति भइसकेको छ। यद्यपि साँफेबगरस्थित विमानस्थलमा परीक्षण उडानपछि मात्रै नियमित उडान हुनेछ। साँफेबगर नगरपालिकाले पनि तारा एयर सँग न्यूनतम १५ सिटका लागि सुनिश्चित गर्ने सम्झौता गरिसकेको छ। अर्थात् न्यूनतम १५ सिट नभएमा नगरपालिकाले सो बराबरको रकम उपलब्ध गराउनेछ।

# रैथाने उत्पादन बढाउने प्रदेश सरकारको योजना

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२८




कर्णाली प्रदेश सरकारले कृषि पर्यटन प्रवर्धन कार्यक्रमलाई प्रभावकारी बनाउने भएको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर कार्यक्रम प्रभावकारी बनाउन लागेको हो । प्रदेशमा उत्पादित रैथाने उत्पादनको प्रवर्धन र उत्पादनमा जोड दिन कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । उत्पादित दाल, मह, स्याउ, ओखरलगायतका रैथाने बाली सजिलै उत्पादन स्थलमा अवलोकन गर्ने र कोसेलीघरबाट खरिद गरी लैजान पाउने व्यवस्था गरिने छ। जिल्ला जिल्लाका कृषि विकास कार्यालयले कार्यक्रम कार्यान्वयन गरिरहेका छन्। आव २०७९/८० बाट कार्यक्रम सुरु गरिएको हो । उक्त कार्यक्रम अन्तर्गत कोसेलीघर निर्माण, मेला सञ्चालन गर्ने र स्थानीय उत्पादनलाई जोड दिने गरिएको प्रदेश सरकारले जनाएको छ । आव २०८०/८१ मा पनि उक्त कार्यक्रम कार्यान्वयन गरिएको थियो । चालु आवमा नीतिमा समेटेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । यो वर्षदेखि कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। १० वटै जिल्लाबाट यो वर्ष कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेस भएको मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले बताउनुभयो। उहाँका अनुसार चालु आवबाट कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लागिएको हो। अघिल्ला वर्षहरूमा पर्यटन प्रवर्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको थियो। यो वर्ष जिल्लामा उत्पादन हुने वस्तुको बजारीकरण र प्रवर्धनका कार्यक्रम गरिने भएको छ। जिल्ला जिल्लामा मेला, महोत्सवको आयोजना गरिने छ। चालु आवमा प्रदेश सरकारले नयाँ मोडालिटीमा कार्यक्रम कार्यान्वयनको योजना बनाएको छ।

**पालिकापिच्छे किसान पाठशाला**

प्रदेश सरकारले यो वर्ष किसान पाठशाला सञ्चालन गर्ने भएको छ । सरकारले कर्णालीका सबै स्थानीय तहमा किसान पाठशाला सञ्चालन गर्ने भएको हो । स्थानीयस्तरमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादनको प्रविधि प्रसारका लागि 'एक पालिका, एक किसान पाठशाला' सञ्चालन गरिने मन्त्रालयका प्रवक्ता कठायतले जानकारी दिनुभयो । किसानको पहुँच अभिवृद्धि गर्न प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन, ढुवानी तथा बिक्री मूल्यमा अनुदान दिने नीति सरकारको छ । किसानलाई कार्यस्थलमा प्राविधिक सहयोग उपलब्ध गराउन घुम्ती कृषि प्राविधिक सहयोग सञ्चालन गर्ने कार्यक्रम अघि सारेको सरकारले प्रदेश प्रवेश गर्ने प्रमुख नाका बबईमा कृषि क्वारेन्टाइन राख्ने छ।

**बिमा योजना**

सरकारले कृषि, पशु र जडीबुटी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन लागेको छ। प्राकृतिक प्रकोपबाट कृषि बाली र पशु चौपायामा हुने क्षतिको जोखिम न्यूनीकरण गरी युवाको कृषि तथा पशुपालन व्यवसायमा आकर्षण बढाउन बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन लागिएको मन्त्रालयले जनाएको छ । 'अर्गानिक कृषिमा वृद्धि, कर्णालीको समृद्धि' को आकर्षक नारासहित सुरु गरिएको कर्णालीको अर्गानिक कृषि अभियानलाई सफल बनाउन कृषि पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने सरकारको नीति छ। यस्तै सरकारले कर्णाली प्रदेशभर उत्पादित खाद्यान्नलगायतका वस्तुको सूची तयार गर्ने छ । सरकारको नीति तथा कार्यक्रममा रैथाने बाली तथा स्थानीय उत्पादनको प्रवर्धन र बजारी करणमा सहयोग पुर्याउन प्रदेश सरकारको आयोजनामा हुने कार्यक्रममा प्रदेशबाट उत्पादित खाद्यान्न तथा अन्य वस्तुको सूची तयार गरी त्यस्तो उत्पादनलाई अनिवार्य प्रयोगमा ल्याउने जनाइएको छ। चालु आवमा प्रदेश सरकारले किसानलक्षित कार्यक्रम सञ्चालन गर्ने जनाएको हो । केही नयाँ कार्यक्रमका रूपमा राखिएको छ भने केही पुराना कार्यक्रमलाई समेत नयाँ ढाँचामा सञ्चालन गर्न लागिएको हो । कर्णालीमा कृषिमै आश्रित संख्या ठुलै छ। उत्पादनमा भने आत्मनिर्भर हुनसकेको छैन । सरकारी तथ्याङ्कै आधारमा कर्णालीका ३० प्रतिशत घरपरिवार मात्रै आफ्नै उत्पादनमा आत्मनिर्भर छन्।

# विकास गाउँमा, युवा विदेशमा



नमस्ते समचारदाता
बाजुरा, मंसिर/२८

बाजुरामा केही समयपहिला एक वडाबाट अर्को वडामा पुग्न झन्डै दिनभर लाग्ने गर्थ्यो। एक पालिकादेखि अर्को पालिकासम्म जान त दुई/चार दिनसम्म पैदल हिडेर बल्ल पुगिन्थ्यो । अहिले त्यो अवस्था भने छैन, यद्यपि गाउँमा युवा नहुँदा गाउँबस्ती र सडक क्षेत्र सुनसान छ। अहिले यहाँका प्रत्येक पालिकामा सडक यातायातको सहजता भएसँगै एक दिनको बाटोमा एक घन्टा र दुई/चार दिनको बाटोमा दुई/चार घन्टामै पुग्न सकिने अवस्था छ। यहाँका प्रत्येक स्थानीय तहका गाउँबस्ती अहिले सडक सञ्जालको पहुँचमा पुगेसँगै आवतजावत तथा स्थानीयले उत्पादन गरेका तरकारीलगायत फलफूल बजारमा बिक्री गर्नसमेत सहज भएको छ। हिमाली, जगन्नाथ, स्वामीकार्तिक, बुढीनन्दा, गौमूल, त्रिवेणी, बुढीगङ्गा र खप्तडछेडेदहलगायका स्थानीय तहमा खानेपानी, स्वास्थ्य, शिक्षालगायत यातायात सेवामा समेत अहिले निकै परिवर्तन आएको छ। सडक सञ्जालको पहुँचबाट वञ्चित भएका गाउँबस्तीमा अहिले गाडी गुड्न थालेका छन् । तर पनि यहाँका अधिकांश युवा भने घर तथा गाउँबस्ती छाडेर धमाधम विदेश पलायन हुँदै आएका छन्। यहाँका गाउँबस्तीमा विकास पुगे पनि युवा भने रोजगारीका लागि दिनप्रतिदिन विदेश जाने क्रम निकै बढ्दै गएको छ। युवा विगतमा झैँ भारत पलायन भएसँगै यहाँका अधिकांश गाउँबस्तीसमेत खाली हुने गरेका छन् । यहाँका स्थानीयको घरमा ताला लगाइएको पाइन्छ। गाउँमा स्वास्थ्य, शिक्षा, खानेपानी र सडक सुविधा भए पनि युवाका लागि विदेश स्वर्ग र गाउँ नर्क जस्तै बनेको छ । गाउँमा केही गरेर खाने व्यवस्था नभएपछि पेट पाल्नकै लागि घर छाडेर कामको खोजीमा भारतका विभिन्न ठाउँमा जानु परेको बुढीगङ्गा नगरपालिका-१० का स्थानीय रूप सार्कीले बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँमा प्रशस्त जमिन भए पनि त्यसमा सिँचाइ सुविधा नहुँदा जमिन सधैँ बाँझो रहेको छ।" भौतिक पूर्वाधार विकाससँगै स्थानीय सरकारले गाउँमै आर्थिक उपार्जन गर्ने सिपमूलक तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्न नसक्दा यहाँका सबै युवा कामकै खोजीमा बाहिर जाने गरेको सार्कीले बताउनुभयो। आफूलाई बुवाले भारतकै नोकरी गरेर पढाउनु भएकाले छोराछोरी पढाउन र घरखर्च टार्न भारत बस्नु परेको यता खप्तडछेडेदह गाउँपालिका-२ का स्थानीय रामबहादुर बुढाले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँमा रोजगारीका लागि केही काम नहुँदा म जस्तै यहाँका दर्जनौँ पढेलेखेका युवा अहिले रोजगारीकै लागि भारत जानु परेको छ।" गाउँमा पढेर पनि केही काम नपाएपछि अधिकांश युवा बाहिरिनु परेको छ। युवाका लागि अहिलेको स्थानीय सरकारले गाउँमै केही गरेर खाने वातावरण सिर्जना नगर्दा युवा बाहिरिनु परेको नेपालीले बताउनुभयो। दसैँतिहार तथा असारमा अन्नबाली लगाउने बेला भरिए पनि त्यसपछि भने यहाँका अधिकांश गाउँबस्ती युवाविहीन हुने गर्छन्। पछिल्लो सयम बाजुराका नौ वटै स्थानीय तहमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम पनि सञ्चालनमा आएका छन्। यो कार्यक्रमले यहाँका अधिकांश बेरोजगारलाई गाउँमै रोजगारी दिने गरेको स्थानीय सरकारका स्वरोजगार संयोजकले बताउनुभयो। यहाँका १८ वर्षदेखि ५९ वर्षसम्मका झन्डै पाँच सय युवायुवतीले बर्सेनि गाउँमै रोजगारी पाउने गरेको जगन्नाथ गाउँपालिकाका रोजगार संयोजक लक्ष्मण जोशीले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला यहाँ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मात्र सञ्चालन थियो । २०६७ सालदेखि गाउँमा भएका बेरोजगार युवालाई रोजगारी दिने गरी स्थानीय सरकारले अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरेको छ।" यी कार्यक्रमले यहाँका सबै बेरोजगारलाई गाउँमै रोजगारी दिन नसके पनि एक वर्षमा झन्डै पाँच सयभन्दा बढीले गाउँमै रोजगारी पाएको संयोजक जोशीले बताउनुभयो। राष्ट्रिय जनगणना २०७८ अनुसार बाजुराको बडीमालिकामा तीन हजार ४४६, त्रिवेणीमा तीन हजार ३५०, बुढीगङ्गामा चार हजार २७७, बुढीनन्दामा तीन हजार ४५२, गौमूलमा एक हजार ६५०, हिमालीमा एक हजार ७२२, जगन्नाथमा एक हजार ६८४, स्वामीकार्तिकमा दुई हजार २२३ र खप्तडछेडेदहमा तीन हजार १७४ घरपरिवार बसोबास गर्दै आएका छन्।

# बाँकेमा सवारी दुर्घटनामा कमी

नमस्ते समचारदाता
बाँके, मंसिर/२८



बाँके जिल्लामा निरन्तर चलिरहेको ट्राफिक सचेतना अभियानका कारण सवारी दुर्घटना र क्षति दुबैमा कमी आएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेको तथ्याङ्क अनुसार अघिल्लो वर्षको तुलनामा चालू आर्थिक वर्षमा सवारी दुर्घटनामा कमी आउनुका साथै त्यसबाट हुने क्षति पनि घटेको देखिएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक पुष्करराज पन्तले चालु आर्थिक वर्षको चार महिनामा ७३ वटा सवारी दुर्घटना भएको र ती दुर्घटनामा परी चार महिलासहित २८ जनाले ज्यान गुमाएको बताउनुभयो । गत आर्थिक वर्षको सोही अवधीमा ८० वटा दुर्घटना भएका थिए । उहाँले गत चार महिनाको अवधीमा जिल्लामा ६८० पटक ट्राफिक जनचेतनासम्बन्धी कार्यक्रम गरेर करिब २९ हजार चालकहरुलाई प्रत्यक्ष रुपमा सचेत पारिएकाले पनि दुर्घटना र क्षति दुबै घटेको बताउनुभयो । सचेतना अभियान अझै पनि निरन्तर जारी रहेको जनाउँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख पन्तले चालकहरु सचेत हुन थालेपछि दुर्घटना घट्दै जाने प्रष्ट पार्नुभयो । उहाँका अनुसार सवारी दुर्घटनामा परेर जिल्लामा साउन र भदौमा ६-६ जना तथा असोज र कात्तिकमा आठ-आठ जनाले ज्यान गुमाएका थिए । प्रमुख पन्तले आर्थिक वर्ष ०७९-०८० को चार महिनाको अवधीमा ६० जनाको मृत्यु भएको र गत आर्थिक वर्ष ०८०-०८१ मा ६६ जनाको सवारी दुर्घटनामा परि ज्यान गएको बताउनुभयो । तर यस वर्ष सोही अवधीमा २८ जनाको मात्र मृत्यु भएको छ। चालु आर्थिक वर्षको चार महिनामा एक करोड तीन लाख रुपियाँ राजस्व सङ्कलन भएको प्रमुख पन्तले बताउनुभयो । उहाँले सोमध्ये ११ हजार ८५३ सवारी साधनलाई कारवाही गरेर ९९ लाख १६ हजार र ७१७ जनालाई मापसे कारवाही गरेर तीन लाख २५ हजारभन्दा बढी राजस्व सङ्कलन भएको बताउनुभयो । जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार सवैभन्दा बढी मोटरसाइकल कारवाहीबाट राजस्व सङ्कलन भएको छ । मोटरसाइकल कारवाहीबाट चार महिनामा २७ लाख ६४ हजार रुपियाँ राजस्व सङ्कलन भएको प्रहरी निरीक्षक पन्तले जानकारी दिनुभयो।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके